कैदी पोस्ट रीलिस सुपरिवेक्षण योजना

- सेवा विवरण

कैदी पोस्ट रीलिस सुपरिवेक्षण अध्यादेश (Chapter ४७५) अनुसार सुपरिवेक्षण आदेश अन्तर्गत राखिएका छुटेका वयस्क कैदीहरूका केहि विशेष वर्गका लागि काम गर्ने, कैदी पोस्ट रीलिस सुपरिवेक्षण योजनाले १९९६ मा स्थापित सुधार सेवा विभाग र सामाजिक कल्याण विभागवीच संयुक्त प्रयासको रुपमा कार्य गर्दछ। यस योजनाले छुटेका वयस्क कैदीहरूका लागि उनीहरूलाई समाजमा पून घुलमिल हुन तथा कानूनको पालना गर्नमा मद्दत गर्ने उद्देश्यले परामर्श तथा मार्गनिर्देश प्रदान गर्दछ।

- लक्षित समूह

पोस्ट रीलिस सुपरिवेक्षण समितिद्वारा पोस्ट रीलिस सुपरिवेक्षण आदेश पाएका छुटेका कैदीहरू।

- सेवाको विषयवस्तु

पेनाल संस्थाहरूमा कैदीहरूलाई भेट गर्नु तथा उनीहरूलाई समुदायमा फिर्तीका लागि पुनर्स्थापना योजना निर्धारण गर्न सहायता गर्नु।

उनीहरूका गृह/कार्यस्थलमा नियमित भ्रमणद्वारा सुपरिवेक्षक तथा उनीहरूका परिवारलाई मार्गनिर्देशन तथा परामर्श प्रदान गर्नु तथा आवश्यक परेमा कल्याण सेवाहरूमा रेफर गर्नु।

- पोस्ट रीलिस सुपरिवेक्षण समिति

सम्पूर्ण सुपरिवेक्षण आदेशको म्याद तथा शर्तहरू पोस्ट रीलिस सुपरिवेक्षण समितिद्वारा निर्णय गरिनेछ। सभापतिको रुपमा न्यायाधीश अथवा भूतपूर्व न्यायाधीश, उप सभापति साथै साइकिएट्रिस्ट, क्लिनिकल साइकोलोजिस्ट, तथा वकील/सोलिसाइटरहरू अनि सुधार गृह विभाग, हंगकंग प्रहरी, तथा सामाजिक कल्याण सेवाका प्रतिनिधिहरू समेतका अन्य कम्तिमा छ जना सदस्यहरू रहने यो एउटा स्वतंत्र वैधानिक निकाय हो।

- पुनरावलोकनका लागि आवेदन

आदेश हुँदा या भएपछि कुनै पनि बेला आदेशमा हेरफेर गर्न या तामेल गर्न पुनरावलोकनका लागि लिखित आवेदनद्वारा कैदी/सुपरिवेक्षित व्यक्तिले एक भन्दा बढी नहुने गरी पोस्ट रीलिस सुपरिवेक्षण समितिमा अनुरोध गर्न सक्नेछन्;

- अन्य जानकारी

संकलित सबै व्यक्तिगत जानकारीहरूलाई व्यक्तिगत आंकडा (गोप्यता) अध्यादेश सम्मत सावधानिपूर्वक प्रयोग गरिनेछ।

योजनाले उपलब्ध गराएको सबै सेवाहरू निशुल्क हुनेछ।

- ठेगाना तथा सम्पर्क नम्बर

Flat 20 A-B, Block F, Senior Staff Quarters,

Pamela Youde Nethersole Eastern Hospital,
3 Lok Man Road, Chai Wan,
Hong Kong
टेलिफोन नम्बर: २८९६ ७३१८
फ्याक्स नम्बरः २५५८ ०५९५

- कार्यालय समय

(सोमवारदेखि शुक्रवारसम्म) बिहान 8:45 देखि साँझ 5:30 बजेसम्म
(खाजा खाने समयः दिनको १२:३० देखि १:३० बजे)
(शनिबार, आइतबार तथा सार्वजनिक विदाहरूमा बन्द रहनेछ)